# नेपालगञ्ज राजपत्र

नेपालगञ्ज उप-महानगरपालिकाद्वारा प्रकाशित

खण्डः ५, नेपालगञ्ज, कार्तिक ९, २०७८ साल, संख्याः ४७

## "किशोरी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८"

नेपालगञ्ज उप-महानगरपालिकाको कार्यपालिकाबाट
स्वीकृत भएको मितिः २०७८



## पृष्ठभूमिः

अनविज्ञ, विपन्न, विभेदित ग्रामीण महिलाहरूको विशेष अवस्थालाई ध्यानमा राखेर विकासका आम अवसरमा पहुँच स्थापना गर्ने उद्देश्यका साथ छैठौं योजना (२०३७०४२) साल देखि सञ्चालनमा आएको महिला विकास कार्यक्रम ग्रामीण विपन्न महिलाहरूको आर्थिक-सामाजिक अवस्थामा सुधार गर्ने पहिलो उल्लेखनीय प्रयास थियो। यो संगसँगै किशोरी विकास कार्यक्रमलाई पनि प्राथमिकतामा लिन थालियो । यसको मुख्य ध्येय लैङ्गिक समानताका पक्षमा सामाजिक परिचालन र किशोरावस्थाका महिला तथा बालिकामा देखा पर्ने यौन तथा प्रजनन् जन्य समस्याको उचित पहिचान र न्यूनिकरण, परिर्वतन प्रतिको ज्ञानको तह विकास गर्ने रहेको छ। परम्परागत हानिकारक अभ्यासबाट किशोरीमा परेको नकारात्मक असर घटाउन वा जोखिमबाट संरक्षण गर्ने मुख्य उद्देश्य रहेको छ । यस कार्यक्रममा प्रत्येक किशोरी सशक्त योग्य हुन्छ भन्ने मानव विकासको मान्यता राखिएको छ ।

परम्परागत हानीकारक अभ्यास, यौन तथा घरेलु हिंसा,लैंगिक असमानता न्यूनिकरण, मानव बेचविखन तथा ओसारपसारको रोकथामका लागि समग्र किशोरीहरुको सशक्तिकरणको लागि एकीकृत प्रयास आवश्यक छ तर सम्भवत पहिलो हस्तक्षेप जो जोखिममा छन् उनैको सशक्तिकरण हुनु पर्दछ। त्यसैले पहिलो प्राथमिकता विद्यालय विमुख किशोरीको बहुआयामिक विकास त्यसपछिको प्राथमिकता सबै किशोरीहरुको समुह, क्लव, क्लव सञ्जालमा आवद्धताको आवश्यकता महसुस गरी नेपालगञ्ज उपमहानगरपालिकाले यो कार्यविधि, २०७८ तयार गरेको छ ।

### परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्य विधिको नाम किशोरी विकास कार्यविधि, २०७८ रहेको छ ।

ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि तुरुन्त लागु हुने छ ।

२. **विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

क) कार्यक्रम भन्नाले: नेपालगञ्ज उप-महानगरपालिकाबाट स्विकृत किशोरी विकास कार्यक्रम सम्झनुपर्छ ।

ख) उप-महानगरपालिका भन्नाले: नेपालगञ्ज उप-महानगरपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

ग) वडा कार्यालय भन्नाले: नेपालगञ्ज उप-महानगरपालिकाका वडा कार्यालयलाई सम्झनु पर्छ ।

घ) सामाजिक विकास समिति भन्नाले: नेपालगञ्ज उप-महानगरपालिका भित्र गठित सामाजिक विकास समिति सम्झनु पर्दछ ।

ङ) बाल अधिकार समिति भन्नाले: नेपालगञ्ज उप-महानगरपालिका भित्र गठित नगरस्तरिय स्थानीय बाल अधिकार समिति र वडा स्तरिय वाल अधिकार समिति सम्झनु पर्दछ ।

च) विद्यालय विमुख किशोरी भन्नाले: विद्यालय शिक्षाबाट बञ्चित १० वर्ष उमेर पुरा भई १९ वर्ष पुरा नभएका बालिका वा महिलालाई सम्झनु पर्दछ ।

झ) विपन्न विपन्न किशोरी भन्नाले: पारिवारिक आर्थिक सामाजिक अवस्था कम्जोर भएका किशोरी सम्झनु पर्दछ ।

ञ) जोखिममा रहेका किशोरी भन्नाले: घरेलु हिंसा, यौन हिंसा, लागयत सामाजिक आर्थिक कारणबाट असहज अवस्थामा रहेका किशोरीलाई सम्झनु पर्दछ ।

ट) किशोरी समुह भन्नाले: यसै कार्यविधि बमोजिम गठन भएको वा नेपालगञ्ज उप-महानगरपालिकामा आवद्ध भई काम गरिरहेका संघ संस्थाबाट गठन गरीएका लक्षित किशोरी समुहलाई सम्झनु पर्दछ ।

ठ) किशोरी सञ्जाल भन्नाले: यस कार्य विधि बमोजिम वडा र नगरस्तरमा गठन भएको किशोरी समुहको सञ्जाललाई सम्झनु पर्दछ ।

ड) किशोरी विकास कार्यक्रमका लक्षित किशोरी भन्नाले: १० देखि १९ बर्ष उमेर समुहका विद्यालय विमुख, विपन्न, हिंसा प्रभावित तथा परम्परागत हानिकारक अभ्यासबाट वा अन्य कुनै पनि कारणबाट जोखिममा रहेका बालिका वा महिलालाई सम्झनु पर्दछ ।



## परिच्छेद-२

## किशोरी विकास कार्यक्रमको उद्देश्य,कार्यान्वयन विधि र कार्यक्षेत्र:

### ३. कार्यक्रमको उद्देश्य:

१) लैङ्गिक समता: महिला विरुद्ध लगाइएका सम्पूर्ण अवान्छित छेकबारजन्य चलनको सबैले अवज्ञा गरिएको, किशोरीका व्यावहारिक लैङ्गिक आवश्यकताको संवोधन भएको, घरपरिवार तथा समुदायमा सकारात्मक कार्य (Affirmative Actions) लाई बढवा दिइएको अवस्था सिर्जना गर्ने ।

२) प्रजनन स्वस्थता: समूह सदस्य सबैलाई प्रजनन स्वास्थ्यको प्राथमिक ज्ञान भएको, आफ्ना समस्या बताउने अनि उपचार गराउने तत्परता रहेको र पारिवारिक असंवेदनशीलताको अवस्थामा छिमेकी संवेदनशीलताबाट उपचार प्राप्तिमा सहयोग पुऱ्याई प्रजनन स्वास्थ्यको समस्या समाधान गर्ने ।

३) जीवनोपयोगी शिक्षा: सबै लक्षित किशोरी दिदी-बहिनीहरुले आफूलाई व्यक्त गर्ने अर्थात् आफूमा अन्तरनिहीत क्षमताको उजागर गर्ने, अर्काका कुरा सहि वा गलत के छ ? छुट्याउन सक्ने, र विभिन्न परिस्थितिमा आफैं निर्णय लिने आत्मविश्वास बढाउने ।

४) संस्थागत सहभागिता: कहाँ के भैरहेको छ जानकारी लिन, बुझ्न बाहिरी सञ्चार कायम भएको, घर परिवारबाट समूह हुँदै वडा भरिका किशोरी दिदी-बहिनीहरुसँगको विस्तारित साथ बनेको, सदस्यहरुले आवश्यकताअनुसार कहिले नेतृत्व लिने वा कहिले अनुयायित्व (Followership) बहन गर्दै नेतृत्वलाई घच्घच्याउने क्रियाशिलतासहित प्रत्येक विपन्न सदस्यले सामुदायिक सङ्गठनको सदस्यता प्राप्त गर्न सक्षम हुने परिपाटी बसाल्ने ।

### ४. कार्यान्वयन विधि:

१) विपन्न किशोरीको आर्थिक, सामाजिक, मनोवैज्ञानिक रुपमा सशक्तिकरण गर्नका लागि जीवनोपयोगी तालिम, सूचना तथा

परामर्श केन्द्र सञ्चालन र विकास टेवाका क्रियाकलाप एकीकृत गरिएका छन्। साथै किशोरी तर्फ पनि व्यावसायिक समुह विकासमा जोड दिएको छ। सम्पुर्ण गतिविधि एकै वडामा केन्द्रित गर्ने गरी सञ्चालन गरिनेछन्। क्रमश थप वडामा केन्द्रित गर्दै लगिने छ।

२) किशोरी विकास कार्यक्रम लक्षित किशोरीलाई राहत वितरण गर्न वा फगत कल्याणकारी कार्य गर्ने हेतुको होइन । यो त सदस्यहरुलाई अग्रसर हुने मौका दिने कार्यक्रम हो । हरेक सदस्यलाई आफ्नो र आफू जस्ता अरुको किशोरावस्था र जीवनमा परिवर्तनका लागि आफै सोच्न, सिक्न र अघि सर्न घच्घच्याउने कार्यक्रम हो। कार्यक्रमको सफलता पनि सदस्यहरुको सक्रियता र अग्रसरतामा नै भर पर्दछ । सदस्यको सक्रियता विना वा सदस्यलाई उछिनेर कार्यक्रमका सहजकर्ता अगाडी जाँदैनन् ।

३) किशोरी विकासमा के गरिन्छ ? जे गरिन्छ त्यसको क्रम कस्तो हुन्छ ? अनि जस्तो क्रम हुन्छ क्रमशः कसरी हुन्छ ? उत्तरमा नयाँ कार्यक्षेत्रको उदाहरण लिएर भन्न सकिन्छ। एकैपल्ट पालिका वडाका सबै बस्ती ढाक्ने गरी किशोरी विकासका सबै थरी क्रियाकलाप लग्नु न व्यवहारतः सजिलो छ, न त दिगोपनाका लागि उपयुक्त नै ।

४) किशोरी विकास महिला विकासकै अभिन्न संभाग हो, छुटै होईन। समुदायको तहमा किशोरी विकासको क्रियाकलाप महिला संस्था एवं समितिमार्फत सञ्चालन हुनेछन् । अर्को शब्दमा महिला विकास कार्यक्रम नै लागु नभएको वडामा किशोरी विकास कार्यक्रम लग्न मिल्दैन ।

**५. कार्य क्षेत्रः** वडा छनोट गर्दा सामाजिक विकास समितिले देहाय बमोजिम निर्धारण गर्नु पर्दछ ।

१) महिला सस्था समिति सक्रिय एवं तत्पर भएका वडाहरुमा सिमित रहने,



२) विद्यालय विमुख किशोरीको अनुपातको आधारमा प्राथमिकताको पहिलो क्रम कायम गर्ने

३) मानव वेचविखन तथा ओसार पसारको जोखिमका आधारमा प्राथमिकताको दोस्रो क्रम कायम गर्ने

४) दुइ वटै क्रमका क्रमांक कायम हुने प्राथमिकताको तेस्रो क्रममा छनौट गर्ने र

५) तेस्रो प्राथमिकताको क्रम बरावरी भएका वडाको हकमा दोस्रो क्रमलाई ग्राह्रयता दिने वडा भित्र पनि सम्वन्धित महिला संस्था सँगको परामर्शमा सक्रिय एवं तत्पर समिति भएका वडा मध्येबाट त्यसै गरी एउटा छान्नु पर्छ ।

यस नेपालगञ्ज उपमहानगरपालिकाको महिला विकास कार्यक्रमको परिचय, उद्देश्य र कार्यान्वयन विधि, २०७६ बमोजिम सम्वन्धित वडामा महिला विकास कार्यक्रमको कार्यक्षेत्र बमोजिम कै किशोरी विकास कार्यक्रमको कार्य क्षेत्र सम्बन्धित वडाको हकमा मानिने छ ।

## परिच्छेद-३

## किशोरी समुह (जागरण समुह), वडास्तरिय किशोरी र नगरस्तरिय किशोरी सञ्जाल गठन

**६. किशोरी समुह (जागरण समुह):** वडा छनौट भएपछि महिला संस्था समितिको तर्फबाट किशोरी समुह गठन गर्नु पर्दछ। किशोरी समुह गठन गर्दा देहाय बमोजिम गर्नु पर्दछ ।

क) समितिको कार्य क्षेत्र पर्ने वडा भित्रका विद्यालय विमुख विपन्न, जोखिममा रहेका इच्छुक सबै किशोरीलाई समावेश गर्ने,

ख) आमा समुह सदस्य बने नबनेको नहेर्ने,

ग) एउटा समुहमा ३० देखि ४० जना सम्म राख्ने,

घ) सदस्य संख्या ४० भन्दा वढी हुने भएमा पायक समेत हेरी आधी आधी पर्ने गरी दुई वटा समुह बनाउने,

ङ) सबै जना गर्दा पनि ३० भन्दा कम्ति जना हुने भएमा नपुग सदस्यको संख्या हेरी थोरै भए जति छ त्यतिमै सिमित रहने तथा धेरै भए प्राथमिकताको क्रममा अर्को वडा लिने

च) दुई वडा समितिको कार्य क्षेत्र परेकोमा जति जति पुग्छन् त्यतिको छुट्टा छुट्टै समुह बनाउने र

छ) समुह पिच्छे समुह सदस्यमध्येबाटै एक जना अध्यक्ष र सदस्य सचिव सहित कम्तिमा ७ देखि वढीमा १५ सदस्य भएको कार्य समिति चयन गर्ने। किशोरी समुहको नयाँ ढोका नयाँ सदस्यका लागि जहिले सुकै खुला राख्नु पर्दछ ।

किशोरी समुहको नियमित बैठक मासिक रुपमा बस्ने व्यवस्था मिलाउनु पर्छ । किशोरी समुह गठन यस कार्यालयबाट महिला समुह समितिको सहयोग र समन्वय तथा अन्य गैससको सहयोग तथा समन्वयमा गर्न सकिने छ तर मासिक बैठक र परिचालन भने सम्वन्धित महिला समुह समितिले नै व्यवस्था गरिदिनु पर्ने छ । यसका लागि छुट्टै लक्ष्य र बजेट ब्यवस्थापन निरन्तर रुपमा गरिने छैन । महिला संस्था समितिको तत्वावधानमा किशोरी समुह गठन एवं परिचालन गर्ने हो । त्यस कारण किशोरी समुहका लागि मसलन्द लगायतको जो चाहिने मसलन्द सामान एवं भैपरी खर्च समेत यस कार्यालयबाट उपलब्ध हुन नसक्ने भएमा महिला संस्था समितिकै तर्फबाट प्राप्त हुने अपेक्षा गरिएको छ ।

७. **वडा स्तरिय किशोरी सञ्जाल (किशोरी बृत):** एउटा वडामा कम्तीमा २ वा सो भन्दा वढी किशोरी समुह भए पछि वडा स्तरिय किशोरी सञ्जाल (Adolescent girl circle) गठन गर्न सकिने छ। यसमा वडा भित्र रहेका महिला विकास कार्यक्रम अन्तरगतका किशोरी समुह त हुदै भयो । अन्य निकाय तथा सस्थाबाट गठन भएका किशोरी समुहलाई पनि सञ्जालमा सहभागि हुने अवसर उतिकै दिइने छ । तर यो कार्यविधि जारी भएपछि यस उपमहानगरपालिकाको क्षेत्र



भित्र किशोरी समुह तथा क्लव गठन गर्दा यसै कार्य विधि बमोजिम लक्षित किशोरी लाभान्वित हुने गरी गर्नु पर्ने र यस कार्यालयको समन्वयमा गर्नु पर्ने छ । साथै पहिले गठन तथा निमार्ण गरिएका समुहको आधिकारीक जानकारी सम्वन्धित वडा कार्यालय र यस कार्यालयको सम्बन्धित विषयगत शाखामा दिनु पर्ने छ ।

वडा स्तरीय किशोरी समुह सञ्जालमा पनि कम्तिमा ९ देखि वढीमा १५ सदस्य रहने गरी कार्य समिति गठन गर्ने र बाँकीलाई साधारण सदस्य हुन चाहानेलाई साधारण सदस्य बनाउनु पर्ने छ । भेला गर्दा भने प्रत्येक किशोरी समुहको पचास प्रतिशत सदस्य अनिवार्य भेला गराउनु पर्ने छ । किशोरी समुह गठनको लागि खर्च र आवश्यक सहजिकरण खर्च नेपालगञ्ज उप-महानगरपालिका वा सम्बन्धित वडा कार्यालयबाट स्रोत उपलब्ध भएको खण्डमा व्यवस्था गर्न सकिने छ ।

८. **नगरस्तरिय किशोरी सञ्जाल:** एउटा वडामा कम्तीमा ५ वटा वा सो भन्दा वढी वडाहरुमा किशोरी समुह भए पछि नगर स्तरिय किशोरी सञ्जाल (Adolescent girl circle) गठन गर्न सकिने छ । यस नगरपालिका भित्र रहेका महिला विकास कार्यक्रम अन्तरगतका किशोरी समुह त हुदै भयो । अन्य निकाय तथा सस्थाबाट गठन भएका किशोरी समुह (यस कार्यविधिमा लक्षित तोककिएका किशोरी भित्र पर्ने समुहहरु) लाई पनि सञ्जालमा सहभागि हुने अवसर दिइनेछ । वडा स्तरिय किशोरी समुह सञ्जाल भएको वडाबाट पचास प्रतिशत कार्य समिति सदस्य र सञ्जाल गठन नभएका वडाहरुबाट किशोरी समुहका पचास प्रतिशत कार्य समिति सदस्यहरु भेला गराएर कम्तिमा ९ देखि वढीमा १५ सदस्य रहने गरी कार्य समिति गठन गर्ने र बाँकीलाई साधारण सदस्य हुन चाहानेलाई साधारण सदस्य बनाउनु पर्ने छ। वडा र नगरस्तरिय किशोरी सञ्जालको अधिवेशन प्रत्येक २ वर्षमा गर्नु पर्ने छ । प्रत्येक वडामा किशोरी सञ्जाल गठन भै नसकेको अवस्थामा कम्तिमा पाँच वटा वडामा भएका किशोरी

समुहबाट समानुपातिक हिसावले प्रतिनिधि बोलाई नगरस्तरिय किशोरी सञ्जाल गठन गर्न बाधा पर्ने छैन । साथै यसको खर्च व्यवस्थापन उपलब्ध स्रोत साधनले भ्याए सम्म वडा कार्यालय, यस नेपालगञ्ज उप-महागरपालिका वा इच्छुक गैह्रसरकारी संस्थाबाट गर्न सकिने छ ।

९. **किशोरी विकास उपसमिति गठनः** किशोरी समुह तथा सञ्जालका समस्त गतिविधिलाई महिला संस्था, समिति तथा नगरस्तरिय किशोरी सञ्जालले यस कार्यालयको कार्यक्रममा एकिकृत गर्न समुह तथा सञ्जालका प्रस्तावका लागि आवश्यक स्रोत जुटाउन कार्यक्रममा किशोरी दृष्टिकोण प्रतिविम्बीत गराउन समितिको वैठकबाट अध्यक्षको संयोजकत्वमा किशोरी विकास उपसमिति गठन गर्नु पर्दछ । उपसमितिमा महिला विकास कार्यक्रमद्वारा प्रवर्द्धित महिला समिति तथा संस्थाबाट दुई जना अनि किशोरी समुहको तर्फबाट अध्यक्ष सदस्य सचिव र अर्को एक जना गरी तीन जना राख्नु पर्दछ । भने सञ्जालमा किशोरी सञ्जालका अध्यक्ष, सदस्य सचिव र अर्को एक जना र वडाको प्रतिनिधि कर्मचारी एक जना तथा नगरपालिका स्तरिय सञ्जालमा नगरपालिकाको सम्बन्धित कार्यक्रम हेर्ने कर्मचारी एक जना राख्नु पर्दछ । सम्वन्धीत समुह समिति तथा कार्यक्रममा किशोरी सञ्जालका विकास उपसमितिका पदाधीकारीलाई आमन्त्रण गर्ने बाधा पर्ने छैन ।

## परिच्छेद-४
## किशोरी विकास कार्यक्रमका विषयक्षेत्र

### १०. किशोरी विकास कार्यक्रमका विषय क्षेत्रः

१०.१) विपन्न तथा विद्यालय विमुखलाई नै परिवर्तनका मुख्य संवाहक मानिएको छ । सामाजिक परिवर्तनको शक्तिका रूपमा किशोरी अत्यन्त प्रभावकारी देखिएका छन् । समूह गठन र परिचालन सामूहिक गतिशीलतालाई बढवा दिन किशोरी समूह सदस्यहरूको व्यक्तित्व



विकास गर्ने गरी अनुशिक्षणका साथै अन्तरक्रिया, अभिभावक अन्तरक्रिया, तालिम लगायतका प्रशिक्षण दिने गरिएको छ ।

१०.२) विद्यालय विमुख किशोरीको बहुआयामिक विकास (लक्षित किशोरीलाई जीवनोपयोगी तालिम, किशोरी सूचना तथा परामर्श केन्द्र, महिला संस्थामार्फत अतिविपन्न किशोरीका लागि शैक्षिक तथा स्वास्थ्योपचार सहयोग, व्यावसायिक किशोरी समूह विकास, किशोरीलाई सीप तथा व्यावसायिकता विकास तालिम, व्यवसाय स्थापना खर्च अनुदान, स्थलगत प्राविधिक निरीक्षण, परामर्श तथा पुर्नअभ्यास, अन्तरसमूह रेखाङ्कन भ्रमण, किशोरी समूहका अध्यक्ष र सचिवमाझ चौमासिक अन्तरक्रिया)

१०.३) लैङ्गिक हिंसा निवारण तथा सामाजिक व्यवहार परिवर्तन (घरेलु हिंसाबाट प्रभावित किशोरीका लागि सुरक्षित अल्पकालीन आश्रय सहित सेवा केन्द्र सञ्चालन, सामुदायिक सेवा केन्द्र, लैङ्गिक हिंसा विरुद्ध सचेतना कार्यक्रम), परम्परागत हानिकारक अभ्यास सामाजिक जागरण, अभिभावक, शिक्षक/शिक्षिकाहरू तथा सामुदायिक अग्रवाहरूका लागि लैङ्गिक संवेदनशील तालिम ।

१०.४) मानव बेचबिखन नियन्त्रण (वडा समितिको बैठक सञ्चालन, मानब बेचबिखन अन्त्यका लागि सामुदायिक परामर्श कार्यशाला तथा कार्ययोजना तर्जुमा, सामुदायिक कार्ययोजना अनुसारका क्रियाकलाप सञ्चालन, सुरक्षाकर्मी र सार्वजनिक सवारी चालक तथा परिचालकहरूसँगको सहकार्य प्रवर्द्धन कार्यशाला, डान्स बार रेष्टुरेन्टको संयुक्त अनुगमन, सन्देशमूलक सामग्री प्रकाशन, पुर्नस्थापना गृहहरूको निरीक्षण)

१०.५) लैङ्गिक मूलप्रवाहिकरण (क्षेत्रगत कार्यक्रमको सहभागितात्मक लैङ्गिक लेखाजोखा र संयुक्त कार्ययोजना तर्जुमा, वडास्तरीय लेखाजोखा, पालिकास्तरीय लेखाजोखा र कार्ययोजना तयारी, लैङ्गिक सरोकारका विषयगत अध्ययन, पालिका लैङ्गिक विकास प्रतिवेदन तयारी र प्रकाशन, जनप्रतिनिधि, कर्मचारी तथा सञ्चारकर्मीलाई लैङ्गिक मूलप्रवाहीकरण अनुशिक्षण, सञ्जाल सदस्यमाझ अन्तरक्रिया, मूलप्रवाहीकरण समन्वय समितिको बैठक, लैङ्गिक सम्पर्क-बिन्दुहरूको बैठक, लैङ्गिक सम्पर्क-

विन्दु तथा सूचीकृत गैससका पदाधिकारीहरूका लागि मूलप्रवाहीकरण तालिम, संयुक्त स्थलगत अवलोकन, राजनीतिक दल लगायतका सरोकारवालाको सहभागितामा समीक्षा बैठक किशोरी विकासका सवालहरुमा

१०.६) सूचना, शिक्षा र सञ्चार सञ्जालको वार्षिक प्रगति प्रतिवेदन, जनचेतनामूलक सन्देश प्रवाह, परिचय पन्ना (Brochure)/चित्र सन्देश (Poster)/चिरकटा (Sticker) प्रकाशन, दिवसीय कार्यक्रम, प्रगति समिक्षामा समावेश)

१०.७) आपत्कालीन संरक्षण सेवामा किशोरी समूह र सञ्जालहरूको परिचालन (मनोसामाजिक विमर्श केन्द्र स्थापना, लैङ्गिकतामा आधारित हिंसा, बालबालिका, किशोरी तथा महिलाको सम्भावित ओसारपसार र संरक्षणको निहुँमा हुनसक्ने शोषणको रोकथामका किशोरी समुह सञ्जाल र विकास उपसमितिलाई अनुशिक्षण, आपत्कालीन संरक्षण सेवा कार्यगत प्रशिक्षण, संरक्षण विषयगत क्षेत्रको समन्वय बैठकमा प्रतिनिधित्व गराउने ।

१०.८) सामुदायिक रेखदेखमा सङ्कटापन्न बालबालिकाको पारिवारिक संरक्षण सेवा (महिला संस्थामा रेखदेख र केन्द्र स्थापना र सेवा सञ्चालन, किशोरी उपर हुने शारीरिक तथा मानसिक ज्यादती विरुद्ध अभिभावकीय उद्‌बोधनका लागि किशोरी समुह सञ्जाल तथा अभिभावकलाई प्रशिक्षण तथा अन्तरकिया र तालिम प्रदान

## परिच्छेद-५
## कार्यक्रमको विषय बस्तु छनोट, अनुगमन र खर्च मानक

**११.** यस किशोरी विकास कार्यक्रम अन्तरगत सञ्चालन गरिने लक्षित किशोरी अनुशिक्षण, किशोरी अभिभावक अन्तरकिया वा अनुशिक्षण, आधारभुत तालिम, मनोविमर्श तालिम, लगायतका तालिम कार्यक्रमको विषयवस्तु किशोरीको बचाउ, संरक्षण, विकास, र सहभागितासँग सरोकार राख्ने विषय, जिवन उपयोगी सिप सम्बन्धी जानकारी मुलक



विषयहरु, ब्यावसायिक सीप विकासका प्याकेज र आत्मसुरक्षा तालिमका प्याकेजहरुका विषय वस्तु र समय तालिका कार्यालय प्रमुख वा अधिकार प्राप्त अधिकारीसँग स्विकृत गराई कार्यान्वयन गर्न सकिने छ ।

**१२. अनुगमन, मूल्याङ्कनः** सामाजिक विकास समतिबाट यसको अनुगमन तथा मुल्यांकन गरिने छ । आवश्यकता अनुसार अन्य व्यक्तिलाई समेत आमन्त्रण गरिने छ ।

**१३. प्रशिक्षण क्रियाकलापको खर्चका मानकः** प्रचलित संघिय, प्रदेश र स्थानीय कानून बमोजिम हुनेछ ।

## परिच्छेद-६
## किशोरी परार्मश केन्द्र सञ्चालन विधि

**१४. परिचयः** नैर्सगिक विकासको कममा किशोरीहरुमा उमेर अनुसार आउने शारिरिक र भावनात्मक परिवर्तनका बेलामा उनीहरुलाई सही सूचना र परामर्श दिनु ज्यादै नै जरुरी छ । अन्यथा उनीहरु यौन शोषण र दुर्व्यवहारको शिकार हुने तथा कुलतमा पर्ने डर हुन्छ । किशोरीहरुको समष्टिगत विकासका लागि यौन तथा प्रजनन् स्वास्थ्य सम्वन्धी सूचना र परामर्श मात्र पर्याप्त हुदैन। उनीहरुलाई सशक्त बनाउन शैक्षिक तथा अन्य अवसरका बारेमा समेत सूचना तथा परामर्श सेवा प्रदान गर्नु आवश्यक छ जसले गर्दा उनीहरुले आफ्नो भविष्य आफै निर्धारण गर्न सकुन भन्ने उदेश्यले यो कार्यक्रम नियमित कार्यक्रममा नै समावेश गरि नेपाल सरकार महिला तथा बालबालिका विभागबाट सञ्चालन हुदै आएकोमा हाल यस उप-महानगरपालिकामा समेत यसको आवश्यकता देखि यो कार्यक्रम समावेश गरिदै आएको छ।

**१४.१ किशोरी परामर्श केन्द्रका उद्देश्यः**

क) यौन तथा प्रजनन् स्वास्थ्य सम्वन्धी सूचना एवं सल्लाह प्रदान गर्ने,

ख) जटिल यौन तथा प्रजनन् स्वास्थ्य सम्वन्धी समस्याका लागि सम्प्रेषण सेवा प्रदान गर्ने,

ग) जीवनपयोगी सीप बारे जानकारी प्रदान गर्ने,
घ) शैक्षिक अवसरको जानकारी प्रदान गर्ने,
ङ) आर्थिक रुपमा आत्मनिर्भर हुने गरी व्यावसायिक सूचना प्रदान गर्ने,
छ) किशोरीहरुको प्रतिभा अनुरुप सामुदायिक विकासका रचनात्मक प्रयासहरुलाई प्रोत्साहन दिने
ज) किशोरीहरुको प्रतिभा अनुरुप सामुदायिक विकासका रचनात्मक प्रयासलाई प्रोत्साहन गर्ने,

**१४.२ पहुँचः** महिला संस्थाको कार्यक्षेत्र भित्रका जुनसुकै किशोरीले केन्द्रबाट प्रदत सूचना तथा परामर्श सेवा प्राप्त गर्न सक्नेछन् । केन्द्रका सेवाहरु नि शुल्क हुनेछन् ।

**१५. किशोरी परामर्श केन्द्रका कार्यहरुः**

क) किशोरी यौन तथा प्रजनन् स्वास्थ्यका साथै किशोरावस्थामा सम्भावित जोखिमका बारेमा सूचना प्रवाह गर्ने,
ख) सूचना प्रवाहका लागि आवश्यक सामग्री संकलन र प्रदर्शन गरिराख्ने जस्तै यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी, लैंगिक विकास सम्बन्धी, जीवनोपयोगि सीप सम्वन्धी, विषयगत शैक्षिक संस्था सम्बन्धी, बैकल्पिक शिक्षा, अनौपचारिक शिक्षा कार्यक्रम सम्बन्धी स्व. रोजगारी मुलक तालिम सम्बन्धी, आयआर्जनका लागि सम्भाव्य क्षेत्र र स्रोत सम्बन्धी)
ग) किशोरीहरुले प्राप्त गर्न चाहेको शैक्षिक सामाजिक आर्थिक सूचना र परामर्श प्रदान गर्ने, यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी समस्याबाट प्रभावित किशोरीलाई आवश्यक मनोविमर्श सेवा दिने,
घ) यौन तथा प्रजनन् स्वास्थ्य सम्वन्धमा जटिल समस्या भए सम्प्रेण गों र त्यसरी सम्प्रेषण गरिएको सेवाको पहुँचमा सहयोग गर्ने
ङ) आत्मसम्मान, आत्मविश्वास बढाउने किसिमका सूचना शिक्षा र सञ्चार सामग्रीका साथै प्रेरणादायी पुस्तकहरुको व्यवस्था गर्ने
च) किशोरीहरुलाई सक्दो सूचना परामर्श दिने कार्यमा विषयगत दक्ष व्यक्तिहरु संलग्न गराउन सम्बन्धित निकायसँग समन्वय



गरी सेवा निश्चित गर्ने सकेसम्म महिनाको एक पल्ट सेवा दिलाउने व्यवस्था मिलाउने
छ) किशोरीहरुलाई प्रदान गरिएका सूचना तथा परामर्श सेवाका सम्बन्धमा निर्धारित ढाँचामा अभिलेख राखी सेवा प्रवाहको अवस्था बारे महिला संस्थाको सञ्चालक समितिको बैठकमा छलफल गर्ने तथा सुधार गर्नु पर्ने पक्षहरु सुधार गर्ने परिपाटी बसाल्ने र
ज) परामर्श केन्द्रको सञ्चालन कार्य योजना तयार गरी महिला संस्थाको कार्यक्रममा समावेश गरी कार्यान्वयनका लागि आवश्यक स्रोत जुटाउन पहल गर्ने ।

**१६. व्यवस्थापन उपसमितिः** उप-महानगरपालिका स्तरिय किशोरी सञ्जाल बने पछि किशोरी विकास उपसमितिले नै परामर्श केन्द्र व्यवस्थापन उप समितिको काम गर्ने छ । त्यतिन्जेल महिला सस्थाको सञ्चालक समितिको अध्यक्षको संयोजकत्वमा सञ्चालक मध्येबाट एकजना संस्थाको व्यवस्थापक र किशोरीहरु दुई जना गरी पाँच जनाको केन्द्र व्यवस्थापन उपसमिति बनाउनु पर्छ ।

**१७. कार्य व्यवस्थाः** व्यवस्थापन उपसमितिले केन्द्रको कार्य व्यवस्था देहाय बमोजिम मिलाउनु पर्दछ ।

क) केन्द्रबाट दिईने सेवाहरु निर्धारण गर्ने,
ख) सेवाहरुको विवरण झल्किने पर्चाहरु तयार गरी वितरण एवं प्रचार प्रसार गर्ने ,
ग) मासिक सेवा प्रवाह तालिका तयार गरी अवलम्वन गर्ने,
घ) जागरण समुहका किशोरीहरुलाई तीन तीन जनाको स्वयमसेवी उपसमुहमा विभाजन गरी प्रत्येक उपसमुहले पालै पालो निर्धारित दिन र समयमा केन्द्र खोल्ने, सरसफाई गर्ने तथा सेवा प्रवाहमा सहजीकरण गर्ने गरी जिम्मा दिने ।
ङ) केन्द्रको साचो तथा त्यहाँ रहेका सामानको जिम्मा महिला संस्थाका व्यवस्थापक वा व्यवस्थापन उपसमितिकै अन्य कुनै सदस्यको जिम्मामा राख्ने ।

**१८. कार्य कक्षः** केन्द्रको सेवा महिला संस्थाको भवनको कुनै कोठामा सञ्चालन गर्न सकिन्छ । आफ्नो भवन नभएकोमा सबै किशोरीलाई पायक पर्ने संस्थाले उपलब्ध गराउन सक्ने कोठामा सेवा सञ्चालन गर्नु पर्छ । कोठा फराकिलो, उज्यालो र सुरक्षित हुनु पर्छ ।

**१९. किशोरी परामर्श केन्द्रबाट सेवा प्रदान हुने मासिक समय तालिकाः** व्यवस्थापन उपसमितिले स्थानीय किशोरीको फुर्सदका साथै सेवा प्रदायकको अनुकुलताको विचार गरी तय भए बमोजिम मासिक सेवा प्रवाह तालिका बनाएर झट्ट देखिने गरी टुंग्याउनु पर्छ । मासिक सेवा प्रवाह तालिका महिला समिति सस्थाले सरोकारवाला निकायसँग समन्वय गरी तयार गर्न सकिने छ र सोही अनुसार मासिक सेवा प्रवाह गर्नु पर्ने छ । सोको अभिलेख राख्नु पर्ने छ ।

**२०. किशोरी परामर्श केन्द्र स्थापना गर्दा देहाय बमोजिमका सामग्रीहरु अनिवार्य हुने छन्:** केन्द्रको वोर्ड,सूचना पाटी, भुइमा बस्न चाहिने जति कार्पेट, चकटी, एउटा दराज, दुईटा कुर्ची, एउटा टेवल, यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी सञ्चार सामग्री, शैक्षिक एवं सामाजिक क्षेत्रका सचनात्मक प्रकाशनहरु, सीप तथा व्यवसाय विकासका उपयोगि स्रोत सामग्री, खानेपानीको व्यवस्थाका लागि चाहिने सबै थोक, समाचार पत्रहरु, सेतो पाटी र बोर्ड मार्कर, नरम प्रदर्शन पाटी, झ्याल र ढोकामा पर्दा, भित्ते घडी, खातापाता, माथि छुटेका अन्य आवश्यकिय मालसामानहरु

**२१. महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाको भुमिकाः**

क) सहजकर्ता संस्थाका अध्यक्ष, केन्द्र व्यवस्थापन उपसमिति र संलग्न स्वयमसेवी किशोरीलाई आवश्यक अनुशिक्षण दिने,

ख) सूचना तथा परामर्श सेवा सुनिश्चित गर्न यस कार्यालयको जनस्वास्थ्य शाखा, शिक्षा युवा तथा खेलकुद शाखा, वडा स्तरिय सामुदायिक स्वास्थ्य संस्था, घरेलु तथा साना उद्योग कार्यालय वा समिति वा सोको शाखा, श्रम कार्यालय, नेपाल बाल एशोसिएसन, एक द्वार संकट व्यवस्थापन केन्द्र, लगायतका निकायसँग समन्वय गर्ने,

ग) विषयगत सूचना शिक्षा सञ्चार, सामग्री जुटाउन सहयोग गर्ने,

घ) सेवा सञ्चालनमा नियमित अनुगमन गर्ने देखिएका कमी हटाउन प्रयास गर्ने र सेवालाई प्रभावकारी बनाउने उपाय अवलम्वन गर्ने



**२२.** केन्द्र खडा गर्न एवं सरोकारवालालाई निरन्तरता दिन आवश्यक बजेट व्यवस्था गर्नुका साथै वडा कार्यलय, उप-महनगरपालिका लगायत सहयोगी निकायबाट समेत नपुग खर्च जुटाउन सहयोग गर्ने,

च) केन्द्रको सेवालाई सस्थाकै कार्यक्रममा समायोजन गर्न सहजिकरण गर्ने,

**२३. बजेट व्यवस्थाः** शुरुवाती चरणमा केन्द्रको स्थापनाका लागि यस नेपालगञ्ज उप-महनगरपालिका तथा वडा कार्यालयले स्थापनाको लागि व्यवस्थापन गर्न सक्नेछ । निरन्तरताको लागि नगरस्तरिय किशोरी सञ्जाल, वडास्तरिय किशोरी सञ्जाल र महिला संस्था समिति र सहकारीले व्यवस्था गर्नु पर्ने छ । साथै गैह्र सरकारी संस्था लगायतको समेत सहयोग माग गर्न सकिने छ ।

**२४. अभिलेखः** किशोरी परामर्श केन्द्रले देहाय बमोजिमका अभिलेख राख्नु पर्ने छ ।

क) व्यवस्थापन उपसमितिको बैठक कार्यवाही किताव

ख) परामर्श सेवाग्राही दर्ता किताव

ग) आगन्तुक पुस्तिका, जिन्सी लागत,

घ) आर्थिक कारोवारको खाता

ङ) व्यक्तिगत मनोसामाजिक विमर्श फाइल

च) केन्द्रको गतिविधिको विवरण

छ) अन्य आवश्यकीय कागजात

ज) केन्द्रले देहायबमोजिम गरी परामर्श सेवाग्राहीको व्यक्तिगत गोप्यता कायम राख्नु पर्छ ।

झ) परामर्श केन्द्रले दर्ता किताव राख्नु पर्ने छ । जसमा,

(१) परामर्श सेवाग्राही दर्ता किताबमा नाम नलेख्ने

(२) मनोसामाजिक विमर्श बाहेकका परामर्श सेवाको हकमा व्यक्तिगत फाईल नै नराख्ने

(३) मनोसामाजिक विमर्श सेवाग्राहीको नाम नामेसी खुलेको व्यक्तिगत फाइल खाम भित्र राखी खाम बाहिर दर्ता कितावो नम्वर मात्र लेख्ने,

(४) मनोसामाजिक विमर्श सेवाका खाम वन्दी फाईल छुटटै दराज वा दराजको छुट्टै खण्डमा राखी साँचो लगाउने तथा साधारणतया मनोसामाजिक विमर्श दिने बखतमा बाहेक साँचो नखोल्ने र

(५) व्यवसायिक वा केन्द्रको मुख्य व्यक्तिको जिम्मा साँचो रहने ।

झ) परामर्श सेवा ग्राही दर्ता किताव अनुसूची-१ बमोजिमको ढाँचामा राख्नु पर्दछ ।

## परिच्छेद-७
## खारेजी र बचाउ

२५. **खारेजी र बचाउः** यस कार्य विधिको कार्यान्वयनको शिलशिलामा कुनै बाधा अड्काउ पर्न गएमा त्यसको व्याख्या गर्ने अधिकार नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकालाई हुनेछ । किशोरी विकास सम्बन्धी यस अघि भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।



## परिच्छेद-६
## बुँदा नं. २४(झ) सँग सम्बन्धित
## अनुसूची-१

............................................केन्द्र

## परामर्श सेवाग्राही दर्ता किताव

| दर्ता नं. | मिति | सेवा ग्राहीको | | | | परामर्श चाहेको विषय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | ठेगाना | उमेर वर्ष | शिक्षा लिएको तह वा कक्षा | जाति | क) शैक्षिक<br>ख) स्वास्थ्योपचार<br>ग) बैदेशिक रोजगारी<br>घ) सीप तथा व्यवसाय<br>ङ) मनोसामाजिक विमर्श | |
| | | | | | | | |
| | | | | | | | |